# नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को अर्ध वार्षिक समिक्षा तथा तथ्याङ्क साक्षरता कार्यक्रमको प्रतिवेदन


<u>प्रतिवेदक:</u>

नाम थरः तेजेन्द्र रोकाया

पद : प्रशासकीय अधिकृत,

योजना तथा बजेट शाखा प्रमुख

कर्मचारी संकेत नं.: २३८६९६


मिति : २०८२।१०।२९

**नेपालगञ्ज उप-महानगरपालिका**

# नगरकार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके ।**

***योजना तथा बजेट शाखा***

नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को अर्ध वार्षिक समिक्षा तथा तथ्याङ्क साक्षरता कार्यक्रमको प्रतिवेदन

स्थान : सुनाखरी रेष्टुरेन्ट प्रालि, नेपालगञ्ज, बाँके ।

मिति: २०८२।०८।२३, विहान ७:३० बजे

**मूख्य उद्धेश्यहरु :—**

- आ.ब. २०८२।०८३ को अर्ध वार्षिक रुपमा भएका मुख्य त्रियाकलापहरुको प्रगति समिक्षा गर्न,
- आ.ब. २०८२।०८३ को अर्ध वार्षिकमा भएका कार्यहरुको जानकारी दिन,
- नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को अर्ध वार्षिक समिक्षामा प्राप्त बजेट र खर्चको जानकारी दिन,
- नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को अर्ध वार्षिकमा भएको राजस्व संकलनको स्थिति र आवस्यक सुधारका उपायहरु एकिन गर्न,
- विभिन्न महाशाखा र शाखाबाट भएका कार्यहरुको अवगत गराउनु,
- नेपालगञ्ज उप-महानगरपालिकामा रहेका विद्यमान समस्याहरु र समाधानका उपायहरुबारे छलफल गर्न,
- जनप्रतिनिधि र कर्मचारीका लागि तथ्याङ्क साक्षरताको बारेमा जानकारी दिन,
- लुम्बिनि प्रदेश भित्रका उपमहानगरपालिकाको तथ्याङ्किय जानकारी दिन,

**तालिम/कार्यक्रम सञ्चालनको प्रक्रिया**

मिति २०८२।१०।२९ गतेको दिन बिहान ८.३० बजे नेपालगञ्ज उप-महानगरपालिकाका श्रद्धय नगर प्रमुख श्री प्रशान्त विष्ट ज्युको अध्यक्षतामा कार्यक्रमको उत्घाटन भयो । उद्घाटन सत्रमा

अतिथिका रुपमा प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि शर्मा, नेपाल सरकारका उपसचिव श्री पोख नारायण पौडेल, विभिन्न वडाका वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु रहनु भएको थियो भने महाशाखा/शाखा प्रमुखज्यूहरु, नेपालगञ्ज उप-महानगरपालिकाका कर्मचारी र पत्रकार ज्यूहरुको सहभागीतामा कार्यक्रमको उद्घाटन भई शुरुवात भयो ।सो कार्यक्रमको सहजिकरण एवं उत्घोषण तथ्याङ्क अधिकृत श्री सुरेन्द्र प्रसाद पन्तले गर्नुभएको थियो ।

उद्घाटनको कार्यक्रम सकिएपछि प्रमुख प्रशासकीय अधिकृत श्री रामहरी शर्माले स्वागत मन्तब्य दिई कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो।



तस्विर- प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि शर्मा कार्यक्रममा उठेका पश्नको जवाफ दिनुहुदै ।

आ.ब. २०८२।०८३ को अर्ध वार्षिक समिक्षा कार्यक्रममा नेपालगञ्ज उप-महानगरपालिकाको प्रगति विवरण योजना तथा बजेट शाखाका प्रमुख तेजेन्द्र रोकायाले प्रस्तुत गर्नु भएको थियो ।
तत् पश्चात श्रीमान प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्माले लुम्बिनि प्रदेशमा रहेका उपमहानगरपालिकाहरुको जनसाङख्यिक, आर्थिक र सामाजिक अवस्थाको बारेमा प्रस्तुत गर्नु भयो ।सो प्रस्तुतिको समापन पश्चात तथ्याङ्क अधिकृत श्री सुरेन्द्र प्रसाद पन्तले मुख्य जनसाङख्यिक सूचकहरुको प्रक्षेपणको बारेमा प्रस्तुति गर्नुभयो ।



तस्विर - तथ्याङ्क अधिकृत सुरेन्द्र प्रसाद पन्त मुख्य जनसाङख्यिक सूचकहरुको प्रक्षेपणको प्रस्तुत गर्नुहुदै



तस्विर - योजना तथा बजेट शाखा प्रमुख तेजेन्द्र रोकाया प्रगति विवरण प्रस्तुत गर्नुहुदै

साथै स्वास्थ्य महाशाखाको तर्फबाट स्वास्थ्य महाशाखा प्रमुख श्री राम बहादुर चन्दले सम्बन्धित शाखाको तर्फबाट आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

सो कार्यक्रमका मुख्य प्रशिक्षक एव् नेपाल सरकारका उपसचिव श्री पोम नारायण पौडेलले तथ्याङ्कको महत्व र यसले स्थानीय तहको योजना तर्जु र कार्यान्वयनमा पार्ने प्रभावको बारेमा प्रस्तुतिकरण गर्नु भयो ।



तस्विर- नेपाल सरकारका उपसचिव श्री पोख नारायण पौडेल तथ्याङ्क साक्षरता सम्बन्धि प्रस्तुति गर्नुहुदै

प्रस्तुतिकरण पश्चात वडा नं ९ का वडा अध्यक्ष, कार्यापालिका सदस्य श्री बसन्त कुमार कनौजिया र विभिन्न शाखा प्रमुखले विभिन्न जिज्ञासा राख्नुभएको थियो । कार्याक्रममा उठेका विभिन्न जिज्ञासाका सम्बन्धमा सम्बन्धित शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले जवाफ दिनुभएको थियो ।

## छलफल तथा सिकाई

**वार्षिक समिक्षा कार्यक्रमबाट देहाय बमोजमका विषयमा जानकारी, छलफल एवं सिकाइ भयो ।**

- नीति, बजेट र कार्यक्रमबिचको तादम्यता कायम गर्नपर्ने र योजनाहरुको प्राथमिकिकरण गरी विनियोजन गर्नुपर्ने ।
- छाडा चौपाया व्यवस्थापनको लागि राप्ती सोनारी गाँउपालिकासँग भएको सहकार्यलाई अघि बढाउनुपर्ने ।
- नगरभित्रको वातावरणिय सुधारको लागि आवश्यक अध्ययन अनुसन्धान, वडा कार्यालयहरुको आफ्नै भवनको व्यवस्था र प्रयाप्त जनशक्ती व्यवस्थापन गर्नुपर्ने ।
- नगरको सौन्दयकरणको लागि थप प्रयास र प्राथमिकता दिनुपर्ने जस्तै हरित अभियान, वृक्षारोपण र स्ट्रीट लाइट व्यवस्थापन
- अटो रिक्सा र सवारी पार्किङ व्यवस्थापन उचिर तवरले गर्नुपर्ने ।

- लगायत अन्य विषयहरुको बारेमा वृहत छलफल भयो ।
- योजना तर्जुमा तथ्याङ्कीय आधारलाई प्राथमिकता दिने ।
- तथ्याङ्कलाई आधार मानि नीति तथा बजेट निर्माणलाई वस्तुनिष्ट बनाउने।



तस्विर- नगर प्रमुख कार्यक्रम समापन गर्नुहुदै ।

अन्त्यमा,

नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को अर्ध वार्षिक समिक्षा तथा तथ्याङ्क साक्षरता कार्यक्रमका अध्यक्ष एवं श्रद्धय नगर प्रमुख श्री प्रशान्त विष्ट ज्यूले आफ्नो भनाई सहित कार्यक्रमको समापन गर्नु भयो ।

तेजेन्द्र रोकाया

शाखा प्रमुख

योजना तथा बजेट शाखा

नेपालगञ्ज उप-महानगरपालिका